# राष्ट्रिय योजना आयोगका माननीय उपध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलको संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यू एन एफ पि ए) का एशिया प्रशान्त क्षेत्रीय निर्देशक श्री पियो स्मिथसँग शिष्टाचार भेट




मिति २०८१ फाल्गुन १४ तदनुसार २०२५ फेब्रुअरी २६ का दिन राष्ट्रिय योजना आयोगका माननीय उपध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलको संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यू एन एफ पि ए) का एशिया प्रशान्त क्षेत्रीय निर्देशक श्री पियो स्मिथसँग शिष्टाचार भेट भएको छ। उक्त भेटमा यू एन एफ पि ए र नेपालबीच भैरहेको सहकार्यका विविध आयामहरू  लैंगिक समानता र सशक्तीकरण, यौन तथा प्रजनन स्वस्थ्य, परिवार नियोजन, मातृ शिशु स्वास्थ्य, लैगिक हिंसाको रोकथाम लगायतका बिषयमा छलफल भएको थियो।

भेटका क्रममा यू एन एफ पि ए का क्षेत्रीय निर्देशकले  नेपालमा भइरहेको जनसंख्यिक परिवर्तनको व्यवस्थापनका साथै जनसंख्यिक लाभको प्रभावकारी उपयोगमा जोड दिनुभएको थियो। साथै उहाले, नेपालमा यू एन एफ पि एका तर्फबाट सञ्चालित कार्यक्रमका लागि सम्बद्ध सरोकारवालाहरूको अर्थपूर्ण सहकार्यमा जोड दिनुभयो।

छलफलका क्रममा आयोगका माननीय उपाध्यक्षज्यूले हाल सञ्चालनमा रहेका नीति तथा कार्यक्रमहरूको असर तथा प्रभावको उचित मुल्यांकन गरी तिनको प्रभावकारीता अभिवृद्धि गर्दै जानुपर्नेमा जोड दिनु भयो। खासगरी नेपालमा मातृ तथा बाल मृत्युदरको न्यूनीकरण, परिवार नियोजन सेवाको विस्तार, लैंगिक हिंसा न्यूनिकरणका लागि यू एन एफ पि एले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो।  आगामि दिनमा नीति तथा कार्यक्रमको तहमा सकारात्क लाभ र विरोधाभासको यथार्थ मुल्यांकन गरी तथ्य तथा प्रमाणमा आधारित नीति निर्माण गर्नुपर्ने विषय उल्लेख गर्दै यूएनएफपिएसँग सम्वद्ध सबै क्षेत्रमा सहकार्य अभिवृद्धि  गर्दै जानु पर्नेमा जोड  दिनु भयो।